निर्णयहरू:-

१. हेटौडा अस्पताललाई तत्काल आवश्यक रहेको स्वास्थ्यकर्मी हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौडाले काजमा खटाई पठाउने ।

२. निषेधाज्ञा अवधिमा सवारी साधन सञ्चालनको लागि जिल्ला प्रशासन कार्यालयहरूबाट जारी सवारी सञ्चालन अनुमति पत्र बाहेक स्थानीय तह लगायत अन्य निकायहरूबाट जारी भएका सवारी पास/सवारी सञ्चालन अनुमति पत्रलाई मान्यता नदिने र त्यसरी अन्य निकायहरूबाट जारी गरिएका पास देखाई आवत जावत गर्ने सवारी साधनहरूको सञ्चालनमा जिल्ला प्रहरी कार्यालय, मकवानपुर र जिल्ला ट्राफिक प्रहरी कार्यालय, मकवानपुरले रोक लगाउने ।

३. हेटौडास्थित निजी अस्पतालहरूमध्ये एक अस्पताललाई कोभिड अस्पतालमा परिणत गरी कोभिड-१९ बाट संक्रमितहरूको उपचार गर्ने सम्बन्धमा उपयुक्त अस्पताल छनौट गरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समिति, मकवानपुरमा सिफारिस गर्न गठित समितिबाट प्राप्त सिफारिसको आधारमा हेटौडा उपमहानगरपालिका वडा नं. ११ स्थित चुरेहिल अस्पतालमा ICU सहित २५ बेडको कोभिड अस्पताल सञ्चालन गर्न उपयुक्त देखिएको हुँदा चुरेहिल अस्पतालले हाललाई ICU सहित २५ बेडको कोभिड अस्पताल सञ्चालन गर्ने ।

४. शिवम् सिमेण्टबाट प्राप्त ४२ थान अक्सिजन सिलिण्डर हेटौडा अस्पतालमा प्रयोग गर्न हस्तान्तरण गर्ने ।

५. निजी औद्योगिक प्रतिष्ठानको स्वामित्वमा रहेका निजी अक्सिजन सिलिण्डरहरू उद्योग संघ मकवानपुरले संकलन गरी एकीकृत अक्सिजन बैंक बनाउने र सो बैंकबाट DCCMC को निर्णय बमोजिम अस्पताल र स्वास्थ्य प्रयोजनका लागि मात्र प्रयोग गर्ने व्यवस्था मिलाउने ।

६. घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुरले अक्सिजन, स्वास्थ्य सामग्री लगायत आधारभूत खाद्य पदार्थहरूको अभाव हुन नदिन, मूल्य वृद्धि हुन नदिन जिल्ला प्रशासन कार्यालय, मकवानपुरसँग समन्वय गरी बजारमा नियमित अनुगमन गरी आपूर्ति प्रणालीलाई सहज बनाउने ।

२०७८/१/२२

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी